सम्पर्क नं. ०४१-५९१७९४, ९८५४०२००६३
ईमेल : addprov2dhanusha@gmail.com
वेवसाईट: add.madhesh.gov.np

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
नक्टाझिज, धनुषा, नेपाल

प.सं. ०८२/०८३
च.नं. ३१०

मितिः२०८२/०९/२०

**विषयः- राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारको सूचना सम्बन्धमा।**

श्री कृषि ज्ञान केन्द्रहरु,
(धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, बारा, पर्सा, रौतहट) ।

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषाको प.सं. ०८२/०८३, च.नं. ८०३ मिति २०८२/०९/२० गतेको प्राप्त पत्र यसै साथ संलग्न छ, विस्तृत व्यहोरा सोही पत्रवाट अवगत गर्नु भई पत्रानुसारको कार्य कार्यान्वयन तथा सहजिकरण गर्न/गराउनु हुनका लागि अनुरोध छ ।

..........................
जितेन्द्र यादव
प्रमुख

जितेन्द्र यादव
प्रमुख (एघारौं तह)

मधेश प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल
(खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा)

फोन : ०४१-४२६१०५
फयाक्स: ०४१-४२६१०५
Email: fsdmolmac.p2@gmail.co

प.सं. :-०८१।०८२
च.नं. :- ५०३

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

मितिः २०८२।०९।२०

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, जनकपुरधाम, धनुषा।
श्री कृषि विकास निर्देशनालय, नक्टाझीज, धनुषा।

कृषि विकास निर्देशनालय
नक्टाझिज
दर्ता नं ८६५
मिति २०८२।९।२०

विषयः राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारको सूचना सम्बन्धमा।

उपरोक्त विषय राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालनको लागि **"राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** को दफा ७ को (ग) बमोजिम मिति २०८२/०९/२० गते जनकपुर टुडेमा सूचना प्रकाशन भएको छ। यसै सम्बन्धमा यस मन्त्रालय मातहतका सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरुमा आवेदन संकलन गर्न तथा सम्पूर्ण मातहतका कार्यालयहरुको वेभसाइट, पेज, सूचना पाटि तथा अन्य मध्यमबाट प्रचार प्रसार समेत गर्नका लागि आदेशानुसार अनुरोध छ। साथै सो संग सम्बन्धित सूचना तथा अन्य कागजातहरुको छाँया कपि यसै पत्रसाथ संलग्न रहेको छ।

.............................
रबिन बस्नेत
बाली विकास अधिकृत

**बाली विकास अधिकृत,**
**सातौं**

श्री प्रशासन
आ.ध. ७

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## (कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा)

फोन नं.: ४२११११५
४२११८२७
फ्याक्स: ४२११८३९
४२११९३५

सिंहदरबार, काठमाण्डौ
नेपाल।

पत्र संख्या: २०८२/८३
च.नं.: २१.४.-२८३

मिति: २०८२/०८/२६
नेपाल संवत् ११४४

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
मधेश प्रदेश,
जनकपुरधाम।

**विषय: उत्कृष्ट कृषक छनौट तथा सिफारिस सम्बन्धमा।**

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०८२/०८/२६ (मा.मन्त्रीस्तर) को निर्णयानुसार राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयनका लागि "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ७ (ख) अनुसार २ (दुई) तपसिलका बिधामा तहाँ प्रदेशबाट दुई जना उत्कृष्ट कृषक छनौट गरी सिफारिससाथ कार्यविधिमा तोकिएको समय भित्र यस मन्त्रालयमा प्राप्त हुने गरी पठाईदिनु हुन निर्देशानुसार अनुरोध छ।

तपसिल

| क.सं. | तोकिएको बिधाहरु | कृषक संख्या | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न बाली (धान,गहुँ, मकै तथा रैथाने बाली) | १ | |
| २ | औद्योगिक ( मह, च्याउ, उखु ) | १ | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश
दर्ता नं.: ५८५
मिति: २०८२/०८/२८

डा.सीता भट्टराई
(पशु विकास अधिकृत)

सादर अवगतार्थ:

श्रीमान् सहसचिवज्यू, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

मधेश प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

जनकपुरधाम, धनुषा

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२०**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार काठमाण्डौको चालु आ. व. २०८२/८३ को राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालनको लागि "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" अनुसार यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम अन्तर्गत मधेश प्रदेश भित्र तोकिएका विधाका लागि कार्यविधिको अनुसूची-२ बमोजिमको न्यूनतम मापदण्ड पुरा भएका कृषकहरुबाट अनुसूची-३ बमोजिमको निवेदन र अनुसूची-४ बमोजिमको विवरण यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र यस मन्त्रालय मातहतका सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरुमा आवेदन पेश गर्न आव्हान गरिन्छ।

**पुरस्कारका विधाहरु:**

क) खाद्यान्न बाली (धान, गहुँ, मकै तथा रैथाने बाली)

ख) औधोगिक (मह, च्याउ, उखु)

**नोट**: कार्यक्रम सम्बन्धी कार्यविधि, अन्य जानकारी र आवश्यक फारमहरु मन्त्रालयको वेभ साईट: https://molmac.madhesh.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।